नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

आज मिति २०७८ श्रावण १३ गते नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा सचिव बैठक सम्पन्न भयो । बैठकको सुरुमा विगत बैठकमा भएका निर्णयहरुको कार्यान्वयन स्थितिको समीक्षा भयो । यस क्रममा डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन अवस्था र सरकारी तथ्याङ्क तथा डाटावेसको सुरक्षा संवेदनशिलताका विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्रस्तुतीकरण भयो। समीक्षाकै क्रममा सिंहदरबार प्रवेश सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउने सम्बन्धमा तथा विभिन्न मन्त्रालय तथा निकायहरुको गत आर्थिक वर्षमा निर्धारित माइलस्टोन र क्रियाकलापहरुको मन्त्रालयगत प्रगति स्थितिका वारेमा संक्षिप्त छलफल भयो।

बैठकमा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने तथा प्रशासनिक कामकारवाहीमा चुस्तता ल्याउने विषयमा विभिन्न निर्णयहरु गरी कार्यान्वयनमा लगिएको छ। बैठकमा मुख्य सचिवज्यूले सबै सचिवहरुलाई सरकारी इमेल प्रयोग गर्न, सिहदरबार भित्रका निकायहरुमा साउन मसान्तभित्र तथा बाहिरका निकाय तथा कार्यालयहरुमा  एक महिना भित्र अफिस अटोमेशन लागू गर्न सबै सचिवहरुलाई निर्देशन दिनु भयो । साथै आ.व. २०७८।७९ मा सञ्चालन हुने राष्ट्रिय गौरव, रुपान्तरणकारी आयोजना लगायत अन्य प्राथमिकता प्राप्त आयोजनाहरुको वार्षिक कार्यान्वयन कार्ययोजना समयमै तयार गरी कार्यान्वयन गर्न गराउन समेत निर्देशन भएको छ।

नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा बसेको बैठकमा नेपाल सरकारका सचिवहरु, प्रदेशका प्रमुख सचिवहरु तथा अन्य विशिष्ट श्रेणीका पदाधिकारीहरुको  उपस्थिति रहेको थियो ।

२०७८ साउन १३

कृष्ण बहादुर राउत

प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल